"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

# प्रेस विज्ञप्ति

मितिः २०८१/०७/१५

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३१ अक्टोबर, २०२४ (कार्तिक १५, २०८१) मा प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. ०।२५ र डिजेलमा रु. १।०४ ले घटेर तथा मट्टितेलमा रु. २।२४, हवाई इन्धनमा रु. ३।२३ र एल. पि. ग्यासमा प्रति सिलिण्डर रु. ५५।७० ले बढेर आएको छ। निगम संचालक समितिको मिति २०८१/०७/१५ गतेको निर्णय बमोजिम ०१ नोभेम्बर, २०२४ (मिति २०८१/०७/१६) को बिहान ००:०१ बजेदेखि लागु हुनेगरी डिजेल र मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर रु. १।०० का दरले घटाईएको छ भने आम उपभोक्ताको हितलाई मध्यनजर गरी हवाई इन्धन र एल. पि. ग्यासको मूल्य बढेर आएपनि हाललाई यथावत् राखिएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा विक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८१/०७/१६ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | डिजेल र मट्टितेल | १४८।५० | १५०।०० | १५१।०० | १४७।५० | १४९।०० | १५०।०० |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद् ।

प्रवक्ता